# महाकाली नगरपालिका
## Mahakali Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
खलंगा दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल

Khalanga Darchula, Sudurpashchim Province, Nepal


प.स.०७७/०७८

च.न.१३२५

मितिः २०७८/११/१५

**विषयः अवैधानिक रुपमा संचालित ट्युसन सेन्टरहरु बन्द गर्ने सम्बन्धमा।**

श्री सरोकारवाला सबै,

महाकाली नगरपालिका, दार्चुला।

प्रस्तुत विषय सम्बन्धमा जिल्ला प्रशासन कार्यालय दार्चुलाको च. नं. १४४० मिति २०७८/११/११ को प्राप्त पत्र तथा संलग्न निवेदन अनुसार महाकाली नगरपालिका अन्तर्गतका विभिन्न सामुदायिक तथा संस्थागत विद्यालय र अन्य विभिन्न स्थानमा अनुमति बिना गैरकानूनी रुपमा ट्युसन सेन्टरहरु चलाइरहेको भनी यस कार्यालयमा जानकारी प्राप्त हुन आएकोमा उक्त कार्य महाकाली नगरपालिकाको शिक्षा नियमावली २०७५ को नियम १०८ अनुसार गैरकानुनी कार्य भएकोले यस महाकाली नगरपालिका तथा अन्य सम्बन्धित निकायको अनुमति बिना विद्यालय तथा घरभाडामा लिइ चलाइएका सम्पूर्ण ट्युसन तथा कोचिङ् कक्षाहरु यथाशीघ्र बन्द गर्न हुन भनी यस भन्दा पहिला पटक पटक ताकेता गर्दा पनि अटेर गरेको पाइएकोले उक्त अवैधानिक कार्य तत्काल बन्द गर्न हुन अन्तिम पटक ताकेता गर्दै आज उप्रान्त उक्त कार्य गरेको पाइएमा नियमानुसार कारवाहीको प्रकृया अगाडी बढाइने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

२०७८।११।१५

नर सिंह बडाल

प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकिय अधिकृत

**बोधार्थः**

जिल्ला प्रशासन कार्यालय, दार्चुलाः जानकारीका लागि।

महाकाली न.पा. अन्तर्गत संचालित विद्यालय सबैः विद्यालयमा ट्युसन कक्षाहरु संचालन नगर्न हुन तथा मातहतका शिक्षक/शिक्षिकाहरुलाइ समेत विद्यालय बाहिरका अवैधानिक ट्युसन सेन्टरहरुमा सहभागी नहुनका लागि जानकारी गराउन हुन।

श्री सूचना प्रविधि शाखा : सूचना वेबसाइटमा प्रकाशन गरिदिनु हुन।


ईमेलः info@mahakalimun@gov.np, mmdarchula@gmail.com, website www.mahakalimundarchula.gov.np

Facebook page: https://www.facebook.com/mahakalimun

फोन नं०९३-४२०१३७, टोलफ्री न. १६६०९३४२१३७